## बैठक नं.१

आज मिति २०८१ साउन ३१ गते बिहिबार दिनको १:०० बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति :

| | | |
|---|---|---|
| | अध्यक्ष — श्री गजेन्द्र महर्जन | नगर प्रमुख |
| | सदस्य — श्री मुना अधिकारी | उप-प्रमुख |
| | सदस्य-सचिव — श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत |
| | सदस्य — श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं.१ |
| | सदस्य — श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं.२ |
| | सदस्य — श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं.३ |
| | सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं.४ |
| | सदस्य — श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं.५ |
| | सदस्य — श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं.६ |
| | सदस्य — श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं.७ |
| | सदस्य — श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं.८ |
| | सदस्य — श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं.९ |
| | सदस्य — श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं.१० |
| | सदस्य — श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं.११ |
| | सदस्य — श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं.१२ |
| | सदस्य — श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं.१३ |
| | सदस्य — श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं.१४ |
| | सदस्य — श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य |
| | सदस्य — श्री बिना नगरकोटी | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा खड्का | कार्यपालिका सदस्य |
| | सदस्य — श्री राम माया नेपाली | कार्यपालिका सदस्य |
| | सदस्य — श्री उमा बिशुंके | कार्यपालिका सदस्य |
| | सदस्य — श्री रिता पुर्कुटी मिजार | कार्यपालिका सदस्य |
| | सदस्य — श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य |

एजेण्डा :

१. संशोधित कार्यतालिका व्याख्या,

२. सेवा करार अवधि थप,

३. गोदावरी नगरपालिकाको खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण तथा व्यवस्थापन गर्न बनेको विधेयक २०८१ सभामा पेश गर्ने,

४. खानीजन्य पदार्थको आयठेक्का बन्दोबस्त गर्न संशोधित दररेट र न्यूनतम मूल्याङ्कन स्वीकृत गर्ने,

५. नगरसभाको प्रथम बैठकमा पेश गर्ने एजेण्डा स्वीकृत गर्ने ।

**निर्णय नं.१ संशोधित कार्यतालिका व्याख्या सम्बन्धमा :** छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/८२ को विनियोजन विधेयक, आर्थिक विधेयक र बजेट तर्जुमाका लागि देहाय बमोजिम संशोधित कार्यतालिका स्वीकृत गरी बजेट तर्जुमा गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यविवरण | मिति | समय | प्रमुख जिम्मेवारी | सहायक जिम्मेवारी |
|---|---|---|---|---|---|
| १ | आ.व.२०८१/८२ को प्रथम कार्यपालिका | २०८१ साउन ३१ | बिहान ११:०० बजे | नगरप्रमुख | प्र.प्र.अ. |
| २ | १५ औं नगरअधिवेशनको पहिलो बैठक | २०८१ साउन ३१ | दिउसो २:०० बजे | नगरप्रमुख | प्र.प्र.अ. |
| ३ | वडागत योजना नगरपालिकामा पेश गर्ने | २०८१ भाद्र ५ र ६ गते | दिउसो ४:०० बजे | वडा अध्यक्ष | वडा सचिव |
| ४ | विषयगत समितिका बैठकहरु | २०८१ भाद्र ९ र ११ गते | बिहान ८:३० बजे दिउसो १:३० बजे | विषयगत समिति संयोजक | सदस्य-सचिव |
| ५ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | २०८१ भाद्र १२ र १३ बजे | दिनको १:३० बजे | नगर उपप्रमुख | प्र.प्र.अ. |
| ६ | कार्यपालिका बैठक | २०८१ भाद्र १५/१६ | बिहान ८:३० बजे | नगर प्रमुख | प्र.प्र.अ. |
| ७ | नगरसभा | २०८१ भाद्र १७ गते | बिहान ११:३० बजे | नगर प्रमुख | कार्यदल |
| ८ | सूत्रमा बजेट प्रविष्टि | २०८१ भाद्र १९-२३ | पुरा समय | प्र.प्र.अ. | कार्यदल |
| ९ | पुस्तक छपाई र प्रकाशन | २०८१ भाद्र ३० गते | दिउसो २:०० बजे | प्र.प्र.अ. | कार्यदल |

**निर्णय नं.२ (क) सेवा करार अवधि थप सम्बन्धमा :** छलफल गर्दा यस नगरपालिका तथा नगरपालिका अन्तर्गत वडा कार्यालय, स्वास्थ्य संस्था एवम् विद्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरुको स्थायी कर्मचारी नियुक्ति भई पदपूर्ति भएमा वा नगरपालिकालाई करार कर्मचारीको कार्य सन्तोषजनक नलागेमा कारण जनाई वा नजनाई जुनसुकै समयमा करार सेवा भङ्ग गर्ने र हाललाई तपशिल बमोजिमका कर्मचारीहरुको करार म्याद २०८१ साउन १ देखि २०८१ पुस मसान्तसम्म ६ महिनाको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं.२ (ख) निर्णय नं.२(क) बमोजिम म्याद थप हुने राष्ट्रसेवक कर्मचारीहरुको मासिक तलब लगायतको सेवा सुविधामा विविधता देखिएको हुँदा देहाय बमोजिम समायोजन गरी नगरसभामा

(ख)(१) आंशिक समय कार्यरत चिकित्सकहरु तर्फ रिक्त हुने भएका स्वास्थ्य संस्था समेतमा थप कामकाज गर्ने गरी पुरा समय काममा लगाउने र अधिकृतस्तर आठौं तहको शुरु तलब स्केल उपलब्ध गराउने साथै आंशिक समय मात्र कामकाज गर्ने चिकित्सकको मासिक सुविधा अधिकृतस्तर आठौं तहको शुरु तलब स्केलको आधा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

(ख)(२) यस नगरपालिका र अन्तर्गत कार्यरत अस्थायी करार, ज्यालादारी राष्ट्रसेवक कर्मचारीहरुको नियमित हाजिर भई पूरा समय कामकाज गर्दा श्रम कानुन वा प्रचलित सेवा सुविधा सम्बन्धी कानुन बमोजिम निकटवर्ती तहसँग मिलान गर्ने ।

निर्णय नं.३ **गोदावरी नगरपालिकाको खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण तथा व्यवस्थापन गर्न बनेको विधेयक,२०८१ सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिकाको खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण तथा व्यवस्थापन गर्न बनेको विधेयक,२०८१ पारित गर्न नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.४ (क) **खानीजन्य पदार्थको आयठेक्का बन्दोबस्त गर्न संशोधित दररेट र न्यूनतम मूल्याङ्कन स्वीकृत गर्ने सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिकाको राजश्व परामर्श समितिको २०८१ जेठ ४ गतेको सिफारीस र नगर कार्यपालिकाको मिति २०८१ जेठ ७ गते बसेको बैठकको निर्णय सिफारीस बमोजिम प्रति घनमिटर रु.९।— का आधारमा कामय हुन आएको मू.अ.कर बाहेकको न्यूनतम अंक रु.२७ करोड ५० लाखबाट बढाबढ प्रतिस्पर्धा हुन मिति २०८१/०२/१८ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचनामा ठेक्का पर्न नआएको र २०८१/०३/१९ गतेको प्रभात राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक पुनःसूचना प्रकाशन गर्दा समेत ठेक्का नपरेको हुँदा न्यूनतम मूल्याङ्कन घटाउनुपर्ने भएको छ आर्थिक वर्ष २०८०/०८१ का लागि कामय गरिएको न्यूनतम अंक रु.२५ करोडबाट चालु आर्थिक वर्षका लागि १० प्रतिशत वृद्धि गरी न्यूनतम अंक कायम गर्दा दोस्रो पटकको सार्वजनिक सूचना गर्दा समेत ठेक्का नपरेकोले सो अंकबाट १० प्रतिशत घटाई रु.२२,५०,००,०००।- कायम गरी चालु आ.व.मा बजारमूल्य तुलना गरी साविकको प्रति घन फिट रु.९।- बाट प्रति घन फिट रु.७।- निर्धारण गर्ने र रु.२२,५०,००,०००।- लाई उक्त मूल्य अनुपात गणना गर्दा हुन आउने रकम रु.१७,५०,००,०००।- न्यूनतम अंक कायम गर्ने निर्णय गरियो ।

४ (ख) यस नगरपालका क्षेत्र अन्तर्गत स्वीकृत खानीक्षेत्र समेतबाट निकासी हुने "ढुंगा गिट्टी, बालुवा, माटो, स्लेट आदि हालसम्म निकासी हुन नसक्दा राष्ट्रिय गौरवका आयोजना लगायत सार्वजनिक निर्माणका लागि निर्माण सामाग्री अभाव भएको गुनासो प्राप्त भएकोले ठेक्का संझौता नहुँदासम्मका लागि यस नगरपालिका अन्तर्गत सेवारत नगरप्रहरी परिचालन गरी अमानत विधिबाट राजश्व संकलन गरी निकासी व्यवस्थापन गर्ने निर्णय गरियो ।

४(ग) यसरी नगरप्रहरी परिचालन गर्दा दिनको समयमा पालो खटिने नगरप्रहरीलाई प्रतिदिन रु.२००।- र रातको समय र सार्वजनिक बिदामा पालो खटिने नगरप्रहरीको लागि प्रति पालो रु.३५०।-खाजा खर्च उपलब्ध गराउने ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बज्रबाराही, ललितपुर
बागमती प्रदेश, नेपाल
२०७३

४(घ) उपरोक्त पदार्थको निकासी/नगरपूर्वाधार उपयोग दररेट सम्बन्धमा ढुंगागिट्टी, बालुवा, स्लेट आदि प्रति घन फिट रु.७।- र माटो प्रति घनफिट रु.३.५० हुने गरी व्यवस्थापन मिलाउने निर्णय गरियो ।

**निर्णय नं.५ नगरसभाको प्रथम बैठकमा पेश गर्ने एजेण्डा स्वीकृत गर्ने सम्बन्धमा** : छलफल गर्दा गोदावरी नगरपालिकाको १५ औं नगरसभाको प्रथम बैठकमा पेश गर्ने देहाय बमोजिमका एजेण्डा स्वीकृत गर्ने निर्णय गरियो ।

५.१ संशोधित कार्यतालिका जानकारी गराउने,

५.२ खानीजन्य तथा नदीजन्य पदार्थको संरक्षण व्यवस्थापन र उपयोग सम्बन्धी विधेयक २०८१ , टेबुल/निर्णयार्थ पेश गर्ने,

५.३ खानीजन्य पदार्थको आयठेक्का बन्दोबस्त गर्न प्रस्तावित दररेट र न्यूनतम मूल्याङ्कन स्वीकृत गर्ने ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख